बैठक संख्या:- ०१

आज मिति २०८२ श्रावण ३० गते शुक्रबारका दिन घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भोलन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईबा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | सान्नानी |
| १० | श्री साल माया लो | सदस्य | साल |
| ११ | श्री रमा कुमारी च्याङ्मी | सदस्य | रमा। |
| १२ | श्री निम बहादुर थामी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | मिठु |
| १४ | श्री दाताराम प्याकुरेल | सचिव | |

## अन्य उपस्थिती

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुधन थिङ | अधिकृत छैटौं | |

**घ्याङलेख गाउँपालिका**
**गाउँकार्यपालिकाको बैठक**
**मिति २०८२ श्रावण ३० गते शुक्रबार**
**बैठकका प्रस्ताव तथा निर्णयहरु**

घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

**बैठकका प्रस्तावहरुः-**

१. शिक्षा समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा।
२. स्थानीय दररेट स्वीकृत गर्ने सम्बन्धमा।
३. योजना कार्यान्वयन सम्बन्धमा।

| प्रस्ताव नं. | निर्णयहरु |
|---|---|
| १ | यस गाउँपालिका अन्तर्गतका स्थानीय शिक्षा समितिको मिति २०८२।०४।२० गते र सो दिन भन्दा अगाडीका दिनमा भएका कार्यपालिकामा अनुमोदनका लागि पेश भई आएका देहायका निर्णयहरु सहित अनुमोदन गर्ने निर्णय गरियो।<br><br>**देहायः**<br><br>क. यस पालिका भित्रका सञ्चालित सामुदायिक विद्यालयहरुले तपशिल अनुसार च.न.४३०,मिति २०८०।०१।०३ गते शिक्षा तथा मानब स्रोत बिकास केन्द्र, सानोठिमी, भक्तपुरको पत्र अनुसार श्री नेत्रकाली मा.वि.आँपडाँडा रामपुरलाई बाली विज्ञान कक्षा (९-१२) सञ्चालन गर्न स्रोत सुनिश्चितासंगै शैक्षिक सत्र २०८० मा कक्षा ९ ,२०८१ मा कक्षा १० र २०८२ सालमा कक्षा ११ को कक्षा अद्यावधिकका लागि विषयगत शाखामा प्राप्त निवेदन उपर रित पुगेका विद्यालयलाई कक्षा अद्यावधिक सहित सो तहमा पदपुर्ती गर्नुपर्ने दरवन्दीको समेत अनुमति दिइ पदपुर्तीका लागि तपशिल अनुसार गर्ने निर्णय गरियो ।<br><br>**तपसिल** |

| विद्यालय | माग गरिएका कक्षा | कक्षा अपग्रेडका लागि संग्लग्न कागजातहरु- | वैठकबाट कार्वाही/किनारा |
|---|---|---|---|

<table>
<tr>
<td></td>
<td>
<table>
<tr>
<td>श्री नेत्रकाली मा वि आँपडाँडा रामपुर</td>
<td>११ (वाली विज्ञान)</td>
<td>➢ निवेदन<br>➢ वडा सिफारिस<br>➢ विद्यालय निर्णय<br>➢ अघिल्ला अनुमति कागजात</td>
<td>कक्षा ११ को अनुमति सहित प्रशिक्षक पदपुर्तीको अनुमति पालिकाले दिन कार्यपालिकामा सिफारिस,</td>
</tr>
</table>
➢ प्रशिक्षक व्यवस्थापन तर्फ- शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक प्रविधि शाखा, सानोठिमी, भक्तपुरको च.न.१२,मिति २०७६।३।८ को पत्र अनुसारको प्रशिक्षक व्यवस्थापन हुने गरी।<br><br>
क. मा.वि.विज्ञान शिक्षक -१ (एक) जना,<br>
योग्यता – साविक उ.मा.वि./मा.शि.द्धि. सम्वन्धित विषयमा स्नाकोत्तर भौतिक/जीव/रसायन मध्ये विद्यालयको आवश्यक्तानुसार ।<br>
ख. प्रशिक्षक -१ (एक) जना,<br>
योग्यता – सम्वन्धित विषयमा स्नाकोत्तर तर उक्त जनशक्ति उपलब्ध नभएमा १ वर्षको कार्य अनुभव भएका सम्वन्धित विषयमा स्नातक साविक उ.मा.वि./मा.शि.द्धि. अनुदान ।<br>
ग. प्रशिक्षण सहायक (Lab Assistance) -१ (एक) जना,<br>
योग्यता – TSLC / प्रा.शि.तृ सरह OJT समेतमा सहायता ,<br>
ख. मिति २०८२।०१।३१ मा भएको शिक्षा, यूवा तथा खेलकुद शाखाको टिप्पणी र आदेश बमोजिमको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।
</td>
</tr>
<tr>
<td>२</td>
<td>यस गाउँपालिकाको आ.व. २०८२।०८३ को योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नका लागि स्थानीय दररेट समितिबाट पेश भई आएका स्थानीय दररेट छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो।</td>
</tr>
<tr>
<td>३</td>
<td>आ.व. २०८१।०८२ मा कार्यान्वयन भएको वडा नं. ५ स्थित खानिखोला पुल निर्माण शीर्षकमा अपुग रकम यस आ.व. २०८२।०८३ मा रु २,००,०००।- समेत विनियोजन भएकोमा प्राविधिकको स्टिमेट बमोजिम पुनः बाँकी काम पूरा गर्न रकम रु ५०,०००।– (पचास हजार) मात्र अझै अपुग हुने हुँदा विभिन्न योजनाहरुबाट कट्टी हुने कन्टिन्जेन्सीबाट अपुग रकम भुक्तानी गर्ने निर्णय गरियो।</td>
</tr>
<tr>
<td>४</td>
<td>यस गाउँपालिकाको गाउँ सभाको १७ औं अधिवेशनबाट आ.व. २०८२/०८३ का लागि स्वीकृत गरिएको बजेट तथा कार्यक्रम अन्तरगत कर्मचारी प्रोत्साहन तथा पुरस्कार-संघीय राजस्व बाँडफाट शीर्षकमा रहेको बजेट र एकीकृत कार्यालय कागजात व्यवस्थापन- आन्तरिक श्रोत शीर्षकमा रहेको रु. १० लाख बजेटको श्रोत परिवर्तन गरी खर्च गर्ने र अनुमोदनका लागि आगामी गाउँ सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।</td>
</tr>
</table>